# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मदाने गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मदाने गाउँपालिका

गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मदाने गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन,स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐननियम ,लाई आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन , खरिदव्यवस्थापन सम्पत्तिको ,व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय र परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एंव जवाफदेहिता, सेवा प्रवाह लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई समेत दृष्टिगत गर्दै कार्यान्वयन योग्य सुझाव प्रदान गरी सुशासन कायममा सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहमा नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्षको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण गर्न बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्युन रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्राई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी वेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको लगायतका व्यहोराहरू देखिएका छन् ।

स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । जसले गर्दा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन् । लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको देखिएन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद दिन चाहन्छु।

( **तोयम राया** )

२०८१ जेष्ठ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ५८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

मदाने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गुल्मी।

### १. कैफियत सहितको राय

हामीले मदाने गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले मदाने गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. मदाने गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू १ करोड ०२ लाख ७० हजार ८६४ बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ४९ हजार ४७४ को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ४ लाख ६४ हजार ५२२, नियमित गर्नुपर्ने रु. ९७ लाख ५६ हजार ८६८ रहेको छ । मदाने गाउँपालिकाको गतवर्ष सम्म रु. ३ करोड २१ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड २३ लाख ७२ हजार रहेको छ ।मदाने गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने मदाने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

नायब महालेखापरीक्षक

मदाने गाउँपालिका, गुल्मी

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | ११ | १०२७० | ० | ४ | ४९ | ५३ | ७ | १०२२१ | ४६४ | ९७५७ | ० | ० | ० | १०२२१ | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मदाने गाउँपालिका ,गुल्मी | ३२१५१ | ० | ० | ३२१५१ | ० | १०२२१ | ४२३७२ |

## ३ बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | १३ | असुली | ५ |
| | | २४ | असुली | २७ |
| | | २५ | असुली | ५ |
| | | २७ | असुली | १२ |
| | कुल जम्मा | | | ४९ |

पा लकाको अन्तिम लेखापरीक्षणको ववरण तल उल्लेख गरिएको छ ।

## परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस मदाने गाउँपालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ९४.५२ वर्ग किलोमिटर तथा २००२२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ६९०५७२८२२। आय — व्ययतर्फ रु. ६८५६२६८९०।- सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ६८८०९९८५।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ -

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३०८०५७।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम |
|---|---|
| कर | २९३४८ |
| मुअकर | ७६३०४ |
| सामाजिक सुरक्षा दोहोरो तथा बाँकी | २०२४०५ |
| जम्मा | ३०८०५७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**

आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन -

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ३ वित्तीय विवरण परीक्षण -

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५७,८९,३६,१०२.०० | ५०,१८,७६,८८९.२१ | ५०,१८,७६,८८९.२१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,३८,०३,७००.०० | ४८,७५,४४,२८२.९७ | ४८,७५,४४,२८२.९७ |
| ११००० कर | ११ | ९,४९,१७,७००.०० | ७,८८,६३,९२३.९९ | ७,८८,६३,९२३.९९ |

| | | | | |
|---|---|---|---|---|
| १३००० अनुदान | | ४५,६९,८६,०००.०० | ४०,८६,८०,३५८.९८ | ४०,८६,८०,३५८.९८ |
| संघीय सरकार | १२ | ४२,०४,८३,०००.०० | ३७,५२,४१,५३५.९८ | ३७,५२,४१,५३५.९८ |
| प्रदेश सरकार | १२ | ३,६५,०३,०००.०० | ३,३४,३८,८२३.०० | ३,३४,३८,८२३.०० |
| १४००० अन्य राजस्व | | १९,००,०००.०० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,५१,३२,४०२.०० | १,४३,३२,६०६.२४ | १,४३,३२,६०६.२४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | २,५१,३२,४०२.०० | ५०,००,०००.०० | ५०,००,०००.०० |
| धरौटी | | ० | ९३,३२,६०६.२४ | ९३,३२,६०६.२४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२,४६,२९,४०२.०० | ५२,८६,८४,५५३.६८ | ५२,८६,८४,५५३.६८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,९४,९७,०००.०० | ५०,४५,१८,६३८.८९ | ५०,४५,१८,६३८.८९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,६४,३४,०००.०० | १८,८१,७४,६२७.८८ | १८,८१,७४,६२७.८८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,२९,७०,०००.०० | ८,१३,६२,८५१.९० | ८,१३,६२,८५१.९० |
| २५००० सहायता (Subsidy) | १८ | १,१६,८४,०००.०० | १,०७,७८,८४१.०० | १,०७,७८,८४१.०० |
| २६००० अनुदान | १८ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,२५,७८,०००.०० | १,०५,५८,८१९.९० | १,०५,५८,८१९.९० |
| २८००० अन्य खर्च | १८ | १८,६५,०००.०० | १३,२५,८१४.०० | १३,२५,८१४.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,३९,६६,०००.०० | २१,२३,१७,६८४.२१ | २१,२३,१७,६८४.२१ |
| घ. अन्य भूक्तानी | | २,५१,३२,४०२.०० | २,४१,६५,९१४.७९ | २,४१,६५,९१४.७९ |
| कोषहरु | | २,५१,३२,४०२.०० | २,२२,९४,९८७.७९ | २,२२,९४,९८७.७९ |
| धरौटी | | ० | २१,५१,७७८.०० | २१,५१,७७८.०० |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,८०,८५१.००) | (२,८०,८५१.००) |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,५६,९३,३००.००) | (२,६८,०७,६६४.४७) | (२,६८,०७,६६४.४७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,१८,७४,५९८.३५ | १०,१८,७४,५९८.३५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,५६,९३,३००.००) | ७,५०,६६,९३३.८८ | ७,५०,६६,९३३.८८ |
| बैंक तथा नगद बाकी | २४ | | ६,३६,७८,७१८.८८ | ६,३६,७८,७१८.८८ |

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्रापि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०५२१४१९२।७० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२६५१६७०४।०७ स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम रु. ३९६८१२४।७४ र अन्य रु. १४४३२७१। समेत गरी रु १३७१४२२९२।५१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु १०१२५१६८८। मौज्दात रहेकोमा यो वर्ष रु.१०१८७४५९८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६२२९१०।बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

४ **कानून निर्माण एवं कार्यान्वयन -**

४.१ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २१ गरी कुल २५ विवाद दर्ता भएकोमा १६ वटा मात्र फस्यौंट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४.२ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली, ५२ कार्यविधि ५ वटा मापदण्ड, २ वटा आचारसहिँता लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा कार्यक्रम -**

५.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१५।मा रु. ५६ करोड ६७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१०।मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ५०९ योजनामा वजेट खर्च गरेको छ।

| क्र. सं . | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १. | रु.१ लाखभन्दा कमको योजना | २५४ | ६४०० |
| २. | रु. १ लाख एकदेखि ५ लाख सम्मका | २०४ | ३९२११ |
| ३. | रु. ५ लाखदेखि १० लाख सम्मका | २३ | १७६५८ |
| ४. | रु.१० लाख एकदेखि ५० लाख सम्मका | २१ | ८११५५ |
| ५. | रु. ५० लाख भन्दा माथिका | ७ | ६८४९०० |
| | जम्मा | ५०९ | १५५९३२४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

५.४ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट (रु हजारमा) | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७९१५४१ | ५३४६६८ | ५४.२४ |
| २ | पूर्वाधार विकास | १४४०१० | १२२६१९ | १२.४४ |
| ३ | सामाजिक विकास | २६२२२१ | २४१३०४ | २४.४८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५२९० | ११३०६ | १.१५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८८२० | ७५८२० | ७.६९ |
| जम्मा | | १३११८८२ | ९८५७१७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये १३११८८२०००।- आर्थिक विकास.मा सबैभन्दा बढी ५४.२४ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशानमा सबै भन्दा घटीमा १.१५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.६ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २१२३१८ | १०६११ | १६०५५ | ५५१७५ | १३०४७७ | ८४४१२ |
| प्रतिशत | | ५.०० | ७.५६ | २५.९९ | ६१.४५ | ३९.७६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२१२३१८।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ५ प्रतिशत, दोस्रो त्रैमासिकमा ७.५६ प्रतिशत, तेस्रो त्रैमासिकमा २५.९९ प्रतिशत र चौथो त्रैमासिकमा ६१४५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र३९.७६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा गोरेटो बाटो निर्माण, सोलिङ्ग सिडि निर्माण लगायतका योजना सञ्चालन

गरी यस वर्ष २१० जनालाई ७ दिन देखि १०० दिन रोजगारी उपलव्ध गराई रु. ६३३९१७६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, इन्जिनयर लगायत पदमा सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु. १९०००९६३।- र पालिकाका कर्मचारीको रु. ११८३१५६२।-समेत रु. ३०८३२५२५।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **नियन्त्रण वातावरणको विश्लेषण** -

७.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक

योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.२ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ र ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९।०८० मा कन्टीन्जेन्सी बापत रु. ५८२३३४६।- कट्टी गरी रु. १९५४०००।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

७.३ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१२३१७६८४।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.४ **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी यकिन हुन सकिएन ।

| विवरण | जम्मा |
|---|---|
| घटना दर्ता | १६०७ |
| घरबाटो सिफारिष | ० |
| नागरिकता सिफारिष | १३३८ |
| नाता प्रमाणित | २१५ |

| | |
|---|---|
| अन्य | २३१ |

सैद्धान्तिक बेरुजु

७.५ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ राजस्व आन्तरिक नियन्त्रण -

८.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७९१८२४५२१ | ३१२४७९६ | ०.३९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३३०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३१२४७९६।-

अर्थात अनुमान भन्दा ५.३० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. : २०७९/८० महिना : असार | | | |
|---|---|---|---|
| SN | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
| १ | भुमिकर/मालपोत | ३००००० | ० |
| २ | वहाल कर | ३०००० | ० |
| ३ | अन्य मनोरञ्जन कर | ५०००० | ० |
| ४ | व्यवसायले भुक्तानी गर्ने | ९५१००० | ० |
| ५ | अन्य कर | ४००७०० | ५०८८७३५.८ |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | १८००००० | ० |
| ७ | परीक्षा शुल्क | १००००० | ० |
| ८ | बैंक मौज्दात | ५६९९३३०० | ० |
| जम्मा | | ६०६२५००० | ५०८८७३५.८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९८७४३५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.५ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।कार्यालयले रसिद मार्फत राजश्व संकलन गर्ने गरेको पाइयो। यसरी स्वचालित प्रणाली मार्फत राजश्व संकलन नगर्दा विश्वसनियता कम हुने भएकोले कार्यालय तथा सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

## ९ आर्थिक सहायता र अन्य विविध खर्च -

९.१ **विविध खर्च—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ५७७०००।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

९.२ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३६५६०७।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३१२४७९६।- को ११.७९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० पेश्की व्यवस्थापन -

**पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| गो. भौ. / मिति | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| २-०७९।४।१ | पन्थ रेसुङ्गा दर्शन जे.भी. | १८४८८५७ | ० |
| २७-०७९।४।१ | भुलिखेल अर्जुन न्यू लिजा जे.भी | १२७५०००४ | ० |
| २७-०७९।४।१ | राजेश्वरी रेसुङ्गा दर्शन जे.भी | ९९७२६३ | ० |
| ५४-०७९।९।१६ | राजेश्वरी रेसुङ्गा दर्शन जे.भी | १७४०००० | ० |

| | | | |
|---|---|---|---|
| | जम्मा | १७३३६१२४ | ० |

| सैद्धान्तिक बेरुजु |
|---|

११ **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ। कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले लक्षित समुहजेष्ठ नगारिकलाइ बल्याङकेटरु ३०००००, लक्षित महिलालाइ बाख्रा वितरण रु २०००००।, दलित नगारिकलाइ चरेस थाल र दोसल्ला रु ४०००००। दलित लक्षित कार्यक्रममा दलितलाइ रेडियो रु ५००००। पलाष्टिक टनेल वितरण रु ३४२५६९। कृषि औजार तथा उपरकण रु ४८८९८८। समेत रु १७३१५५७। वितरण गरेको छ ।वितरणमुखी कार्यक्रममा खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **भनेभने सिंचाइ योजना -** भनभने सिंचाइ बडाचौर बृहत सिंचाइ योजनाको लागि पालिकाले निर्माण व्यवसायी देउराली निर्माण सेवासंग रु ७१५३९८८।मा मिति २०७९।१२।५ मा सम्पन्न गर्ने गरी मिति २०७८।८।५ मा सम्झौता गरेको छ ।निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य तोकीयको समया सम्पन्न नगरेकोमा विश्वव्यापी फैलियको कोभिड १९ को कारण नेपाल सरकारको निर्णय अनुसार म्याद थप भएकोमा समेत उक्त समयमा पनि निर्माण कार्य सम्पन्न गरेको देखिदैन ।यस वर्ष पालिकाले गो भौ न १८७।०८०।२।८ मा तेस्रो रिनङ बिलबाट रु २४१९१६७।र गत वर्षको समेत रु ५६९२७२३। भुक्तानी भएकोमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरेको छैन ।निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरेकोले खरिद ऐन तथा खरिद नियमावली अनुसार पुर्वनिर्धारीत लिइ ठेक्काको म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **कर कट्टी –**

✄..... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२।४ को निर्णयबाट रु. ५७६०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४ **सफटवेयर खरिद -** नेपाल सरकारको सुचना प्रविधि प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका २०७१ को बुदान न ४.१ मा कुनै सरकारी निकायले आफनो कार्य विद्युतिय माध्यमबाट संचालन गर्नका लागि प्रयोग गर्ने सुचना प्रविधि प्रणालिको निर्माण गर्दा त्यस्तो प्रणाली सम्वन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागबाट स्वीकृत लिनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले दर्ता । चालानी सम्वन्धी सफटवेयर खरिद गरी रु ३३९०००।खर्च गरेकोमा खरिद भयका सफ्टवेयरको सुचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको छैन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **छोरी वहुारी उच्च शिक्षा कार्यक्रम -** छात्रवृत्ती तथा निशुल्क शिक्षाको व्यवस्थापन कार्यविधि २०७९ को परिच्छेद ४ मा मदाने गाउँपालिकामा संचालित क्याम्पसमा अध्ययनरत छोरी तथा वुहारीहरुलाइ छात्रवृत्ती उपलव्ध गराउने उल्लेख गरेको छ । पालिकाले पहिलो वर्षमा ४१ जना दोस्रो वर्षमा ४३ जना र तेस्रो वर्षमा ४३ समेत १२७ जना भर्ना भएका विद्यार्थीहरुको लागि रु १५०००००।जनज्योती क्याम्पसलाइ भुक्तानी दिएको छ ।विद्यालयलाइ भुक्तानी दिदा विद्यार्थीले कम्तीमा पनि ६० प्रतिशत उपस्थित भएको हुनुपर्ने, सम्वन्धित संस्थाले उक्त छात्रवृत्ती वितरण गर्दा सम्वन्धीत संस्थाको व्यवस्थापन समितिको निर्णय बमोजिम वितरण गर्ने उल्लेख भएकोमा कार्यविधमा उल्लेख गरेको विवरण पेश नगरी भुक्तानी दिएकोले कार्यविधिमा उल्लेख गरेको प्रमाण तथा कागजात लिएर मात्र पालिकाले छात्रवृत्ती रकम उपलव्ध गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१६ **कार्यक्रम विपरीत खर्च -** गाउँपालिकाले रेडक्रस कार्यक्रमको लागि नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय पुर्कोटलाइ रु २०००००। निकासा दिएको रकमबाट रेडक्रस कार्यालयले स्वास्थ्य सम्वन्धी औषधी तथा अन्य उपकरण खरिद गर्नुपर्नेमा विपत व्यवस्थापनाको लागि कम्मल त्रीपाल खरिद गरेकोले उक्त खरिद नियमसम्मत नदेखिएको रु २०००००।

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

१७ **परामर्श खर्च -** गाउँपालिकाले नेपाल सरकारले जारी गरेको भु उपयोग ऐन २०७६ र भु उपयोग नियमावली २०७९ को अधिनमा रही गाउँपालिका भित्र रहेको भुमीको वर्गिकरणको लागि १५ लाख लागत अनुमान तयार गरी सिलवन्दी कोटेसनको माध्यमबाट प्रस्ताव माग गरेकोमा सवै भन्दा कम कबोला गर्ने नेपाल नेपाल इन्जिनयरीङ्ग कन्सलटेन्सी प्रा लि को रु १०६१३५२।को प्रस्ताव स्वीकृत गरी खर्च लेखेको छ ।पालिकाले भु उपयोगको तर्जुमा योजना बनाइ कार्यान्वयनमा ल्याउनको लागि भुमिलाइ ग र घ वर्गमा वर्गिकरण गरी परामर्शदाताले प्रतिवेदन तयार गरी पेश गरेकोले उक्त प्रतिवेदन अनुसार भु उपयोगको योजना बनाइ कार्यान्वयनमा ल्याउनु पर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **विद्यत महशुल -** गाउँपालिकाको नीति तथा कार्यक्रम बजेट अनुसार राज्यको लोक कल्याणकारी अवधारणा कार्यान्वयनको लागि विद्युत सेवा प्रयोग गर्ने पालिकाका सवै घरपरीवारहरुलाइ ५ एम्पीएर क्षमताको प्रतिमहिना २० युनिट न्युनतम विद्युत खपत वापतको जनताको न्युनतम शुल्क गाउँपालिकाबाट भुक्तानी गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । गाउँपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरे अनुसार पालिका भित्रका सम्पुर्ण ४५८३ घर परीवारको २० युनिट सम्मको विद्युत महशुल रु १६६४६४०। पालिकाबाट भुक्तानी गरेको छ । गाउँपालिकाको आन्तिरक आम्दानी न्युन रहेकोमा समेत प्रचारमुखि तथा वितरणमुखी कार्यक्रममा पालिकाको राजश्व वाडफाट खर्च शिर्षकबाट विद्युत महसुल खर्च लेखेकोले नियमसम्त देखिदैन । यस्ता प्रचारमुखी तथा वितरणमुखी कार्यक्रममा अनुदान दिनको लागि पालिकाले आम्दानी प्राप्ती गर्न सकने क्षेत्र तथा स्रोतको पहिचान गरी आन्तारिक आम्दानीबाट खर्च लेख्ने गरी कार्यक्रम स्विकृत गरी खर्च लेख्न पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१९ **बैठक भत्ता -** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ मा कानुन अनुसार गठन भएका समितिहरुले कार्यालय समय भन्दा अघीपछी वैठक वसेमा भत्ता दिन सकिने उल्लेख गरेको छ ।नमुना छनोटको आधारमा लेखापरीक्षण गरेकोमा पालिकाले विभिन्न मितिमा ठेक्काको मुल्यांकन समितिको बैठक कार्यालय समय भन्दा आघि पछी विभिन्न मितिमा वैठक वसेको उल्लेख गरी गो भौ न ३६१।०७९।१२।१० बाट बैठक भत्तामा रु ६१५०००। खर्च लेखेकोले कानुनद्धारा स्थापना भएका समितिहरुको बैठक वसेको समयमा मात्र भत्ता लिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **सामाजिक सुरक्षा तर्फ -**

२०.१ **भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु. १०५२१४९७२।- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको ३ वटा वडाहरु वडा नं १, २ र ६ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो -

| सैद्धान्तिक बेरुजु |
|---|

२०.२ **नागरिकता नम्बर दोहोरो -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु १,२ र ६ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो गरी सामाजिक सुरक्षा भत्ता वापत रु. १७३४०४४।- भुक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो भएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२०.३ **निष्कृय खाता तथा लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।
साथै वैंक तथा वित्तिय संस्थाले पालिकाबाट प्राप्त भएको रकम वितरण पछि बाँकी रकम सोही त्रैमासिकको अन्त्यमा फिर्ता दाखिला गर्नुपर्दछ । फिर्ता रकम यकिनको लागि बैंकमा रहेको पालिकाको GL Account/Parking Account को Statement उपलब्धर गराउनु पर्नेमा साइन रेसुङ्गा डेभलभमेन्ट बैंकबाट सो Account को Statement प्राप्त हुन नसकेकोले फिर्ता रकम यिकन हुन सकेन ।

सैद्धान्तिक बेरुजु

२१ **पढदै कमाउदै कार्यक्रम -** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्यसम्पादनमा आधारित पढदै कमाउदै कार्यक्रम संचालनको लागि पढदै कमाउदै कार्यक्रम संचालन कार्यविधि २०७८ को बुदा न ६ मा कार्यक्रम संचालनको गर्न इच्छुक विद्यालयबाट प्रास्ताव पेश गर्न सकने र पेश भएको प्रस्तावको मुल्यांकन र प्राथमिकताको आधार अनुसुची २ मा उल्लेखित मापदण्ड बमोजिम हुनु पर्ने उल्लेख छ । कार्यविधिमा उल्लेख भए बमोजिम पृथ्वी माध्यामिक विद्यालयले प्रस्ताव पेश गरी इच्छुक ८६ जना विद्यार्थी सहभागी भइ टनेल प्रवृधिमा गोलभेडा उत्पादन तथा विक्री विभिन्न तरकारी उत्पादन गरी विक्री गरेको च्याउ उत्पादन तथा विक्री गरेको भनि विद्यालयले टनेल निर्माण तथा विउ खरिद गरेको रु ९८५४३४। विल पेश गरेको आधारमा पालिकाले भुक्तानी गरेको छ । विद्यालयले प्रस्तावमा पेश गरेको अनुसार खर्च गरे नगरेको उक्त

कार्यक्रमबाट विद्यार्थीहरुको सिप वृद्धीमा के कति सुधार भएको र कार्यक्रमबाट उत्पादीत तरकारी खेतिबाट विक्री गरी के कति आम्दानी प्राप्त भयो सो समेतको अनुगमन गरी प्रतिवेदन तयार पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **लघुउद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघुद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यक्रम र स्तरोन्नती तालिम कार्यक्रमको लागि रु ४८००००। समेत रु २२२७६७३। खर्च गरेको छ । लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसार व्यवसाय संचालनको रुची तथा आवश्यकता अनुसार सरफ साबुन बनाउने ,ब्युटी पालर, पशुपालन, मुडा बनाउने सिलाई कटाई तालिम संचालन गरी खर्च गरेको छ । कार्यक्रम संचालन निर्देशिकामा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्वन्धित प्रशीक्षकको दायित्व हुने तालिमबाट उत्पादित समान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधी भित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाइ विक्री गरी राश्वा दाखिल गर्न सकिने र विक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई स्टोर दाखिला गर्नुपर्ने उल्लेख भएकोमा सो अनुसार उत्पादीत सामान वा वस्तुको विक्री भए नभएको विवरण सहितको अभिलेख राखेको छैन ।उद्यम विकास तालिम संचालन गर्दा रु ५०३१५०। कच्चा पदार्थ खरिद गरी खर्च लेखेकोमा उक्त कच्चा पर्दाथबाट उत्पादीत सामान वा वस्तु अभिलेख राखेको छैन कार्यक्रम संचालन निर्देशिका अनुसार अभिलेख राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **औषधी खर्च -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय हस्तान्तरण चुल शसर्त बजेट उप शिर्षकबाट इ विडिङबाट रु १४४४१०४। को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **बढी भुक्तानी –**

✄..... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२ ।४ को निर्णयबाट रु. २६६६४।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

२५ **बैठक भत्ता -**

*✄..... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०। १२ ।४ को निर्णयबाट रु. ५१००।- सम्परीक्षण गरिएको ।*

| असुल गर्नुपर्ने | ० |
|---|---|

२६ **हेभी इक्युमेन्टबाट काम गरायको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफै ले सम्पन्न गर्नुपर्ने र कुनै काम निर्माण व्यवसायी वा सव कन्टयाक्टबाट गराउन सकिने छैन भन्ने उल्लेख गरेको छ ।पालिकाले देहायका उपभोक्ता समितिले मोटर बाटो विस्तार वा स्तरोनन्तीको काम गर्ने गरी सम्झौता गरेकोमा उक्त काम निर्माण व्यवसायीसंग काम गरायकोले नियमावली भएको व्यवस्था विपरीत गरेको काम अनियमित देखिएको रु ७८५२४००।

| गो भौ न | उपभोक्ता समितिको नाम | सव कन्टयाक्टरको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४३।०७९।९।५ | मलागीरी मोटरबाट सुधार उ स | सिमा कन्ट्रक्सन एण्ड सप्लायर्स | ६०००००। |
| ३५।०७९।८।२० | भनभने मोटरबाटो मर्मत सुधार समिति | रन्जिता रन्जन कन्सट्रकसन | ६०००००। |
| ५१।०७९।९।१४ | बांझकटेरी मोटरवाटो सुधार उ स | विष्णुदेवी निर्माण सेवा | ८०००००। |
| ५७।०७९।९।१८ | म्यालपोखरी मोटरबाटो सुधार उ स | प्रक्षेपण निर्माण सेवा | ६०००००। |
| ६२।०७९।९।१९ | आग्लुङ मोटरबाटो मर्मत सुधार उ स | शलिना निर्माण सेवा | ८०००००। |
| ११७।०७९।९।१९ | सिर्सेनी मोटरबाटो सुधर उ स | जानक सित्तल कन्सट्रक्सन | १००००००। |
| १२१।०७९।१२।१ | पुर्कोटदह मोटरबाटो सुधार उ स | प्रिन्स निर्माण सेवा प्रक्षेपण | ८५२४००। |
| १२०।०७९।१२।१ | मदाने कालिकाटे मालिकाथान मोटर बाटो निर्माण उ स | राज निर्माण सेवा | ६०००००। |
| २५६।०८०।२।८ | पटौटी मलागिरी मोटरबाटो निर्माण सेवा उ स | समृद्ध विल्डर्स एण्ड सप्लायर प्रा ली | ५०००००। |
| जम्मा | | | ७८५२४००। |

| अनियमित | ७८,५२,४०० |
|---|---|

२७ **असुल गर्नुपर्ने -**

*✄..... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ को निर्णयबाट रु. ११९५०।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **पकेट खेती अनुदान** - संघीय सशर्तको स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रको आधुनिकिकरणमा योगदान पुरयाउने पकेटमा समावेश गरीयका बालि वस्तुको उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्यले कार्यविधिमा तोकेको प्रकृया पुरा पालिकामा निवेदन दिएका कृषक समुहलाइ पकेट कार्यक्रमको निरन्तरता तथा नयाँ बाली पकेट विकास कार्यक्रम संचालनको लागि निम्न समुहलाइ अनुदान रु १९१७७१०। दिएको छ । अनुदान दिएको रकमबाट पकेट वालि विकास कार्यक्रमको उद्देश्यअनुसार खेती संचालन गरेको नगरेको सम्वन्धमा स्थानीय तहले पकेट क्षेत्र वा लाभग्राही एवं सरोकारवालाहरुको संयुक्त सहभागितमा संयुक्त अनुगमन तथा मुल्यांकन गर्ने उल्लेख भएकोमा अनुगमन गरी प्रतिवेदन पेश नगरेकोले कार्यविधमा उल्लेख भए अनुसार पकेट विकास कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| गो भौ न | पकेट अनुदान विवरण | अनुदान प्राप्त गर्ने | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| ३४७।०८०।३।१८ | कफि पकेट विकास कार्यक्रमको निरन्तरता | आरुताटा शिवालय कृषि समुह | ३६७१००। | कृषि उपकरण खरिद |
| ३८१।०८०।३।२१ | अलैची बाली पकेट कार्यक्रम निरन्तरता | कङ्के देउराली विउ उत्पादन समुह | ३८३८५०। | विरुवा मल तथा ज्यामी खर्च |
| ४२२।०८०।३।२३ | नयाँ मकैबाली पकेट विकास | गोलपोखरी कृषि तथा वाखा पालन समुह | ११६६७६०। | विउ तथा उपकरण खरिद |
| जम्मा | | | १९१७७१० | |

सैद्धान्तिक बेरुजु

२९ **सडक बालबालिका** - सडक बालबालिका व्यवस्थापन गर्न ३ जना विद्यार्थीको लागि महेन्द्र मावि रेसुङ्गाको खातामा पठाउने निर्णय बमोजिम यो पालिकाले रु. ५००००।- शिक्षा समन्वय इकाइको खातामा पठाएको पाइयो । बालबालिका पहिचान गरी अभिभावको जिम्मा लगाएर अध्ययन गर्ने वातावरण बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **मदाने औद्योगिक ग्राम** - एक पालिका एक औद्यौगिकग्राम अर्न्तगत यो पालिकाको कोटपारिमा रु. १०९५००९३१।- मूअकरपिएस बाहेकको लागत अनुमान तयार गरी यो वर्षको ७।०७९।०८० को ठेक्काबाट यो वर्षको कामको रु. ६०६१००९।- लागत तयार गरी रु. ५६०७८१५।- स्वीकृत गरी रिमार्केवल विल्डर्स प्रा.लि.लाई रु. ५६०७८१०।- मूल्याङ्कन गरी मुअकर समेत रु. ६३३३६८३२।- विल तयार गरी यो वर्ष रु. ५००००००।- भूक्तानी गरी रु. १३३६८३२।- भूक्तानी बाँकी रहेको विवरण पेश गरको छ । औद्यौगिकग्राममा देहायको आर्थिक वर्ष/काम देहायको स्रोतगत लगानी भएको अवस्था पाइयो ।

| आ.व. | स्रोत | काम | रकम |
|---|---|---|---|
| ०७७।०७८ | प्रदेश सरकार | विस्तृत अध्ययन | २०००००० |
| ०७७।०७८ | प्रदेश सरकार | जग्गा विकास | ९२००००० |

| | | | |
|---|---|---|---|
| ०७७।०७८ | स्थानिय सरकार | ग्रामसम्म पदमार्ग | ४०००००० |
| ०७८।०७९ | नेपाल सरकार | गोदाम घर | ३७३८०४४ |
| ०७८।०७९ | नेपाल सरकार | पानी आपूर्ति | २०६४७७२ |
| ०७८।०७९ | नेपाल सरकार | प्रशासनीक भवन | ७५७७५०६ |
| ०७८।०७९ | नेपाल सरकार | स्थानीय गृह | ३२५७४८१ |
| ०७८।०७९ | नेपाल सरकार | विश्राम स्थल | १३६५३८१ |
| ०७९।०८० | नेपाल सरकार | सेड तथा शौचालय | ५०००००० |
| | | जम्मा | ३८२०३१८४ |

२०७७।०७८ देखि ३ वर्षमा करिब रु. ४ करोड लगानी भएको कूल लागतको ३७.८५ प्रतिशत हुन आउँछ । प्रदेश, पालिका र नेपाल सरकारको लागानी दुर्गम भूगोल र बजारको अवस्था, कच्चा पदार्थ र लगानी संभावनाको अध्ययन प्रतिबेदन प्राप्त भएन । पूर्वाधारमा लागनी हुने उद्देश्य अनुरुप संरचना परिचालन हुने अवस्था दखिदैन । लगानी र नतिजा आर्जन हुने अवस्थालाई परिमाणमुखी बनाउँदै पूर्णरुपमा संरचना परिचालन हने व्यवस्था गर्नुपर्दछ । उद्देश्य अनुरुप उपयोग आश्वास्त नदेखिदा औचित्य र उपलब्धिपूर्ण रु. ३८२०३१८४।- को लगानी औचित्यपूर्ण बनाउनुपर्छ।

सैद्धान्तिक बेरुजु

३१ **दुईखोली मोटरेवल पुल -** दुइखोली मोटरेवल पूल- यो योजनाको मूअकर बाहेक रु. २४९९०३३३।- लागत अनुमान तयार गरी खुला बोलपत्रद्वारा प्रतिस्पर्धा गराउँदा रु. १७१८१७०७।- मूअकर बाहेक राजेश्वरी रेसुङ्गा दर्शन जेभीको कबोल अंक स्वीकार गरी २०७८।१२।४ मा सुरु गरी मिति २०८०।११।२३ सम्म २४ महिनामा सम्पन्न गर्नेगरी सम्झौता गरी यो वर्ष देहाय बमोजिम भूक्तानी गरेको पाइयो -

| विल | भौ.नं. र मिति | विल रकम | मुअकर | मूल्यवृद्धि | जम्मा |
|---|---|---|---|---|---|
| प्रथम | १२५।०७९।१२।२ | ३७९२९४७ | ४९३०८३ | ३७९२९४ | ४६६९८७५ |
| दोस्रो | | ३३६२२४१ | ४३७०९१ | ३३६२२४ | ४१३५५५६ |
| तेस्रो | १२५।०७९।१२।२ | १८११०८१ | २३५४४० | १६४६४३ | २०४६५२२ |
| | जम्मा | ८९६६२६९ | ११६५६१४ | ८८०१६१ | १०८५१९५३ |

माथिको तालिका बमोजिम रु. १७१८१७०७०।- बरावरको काम गर्नुपर्नेमा यो वर्ष सम्म रु. ८९६६६७९।- बराबरको कामगरी ५२.१८ काम भएको छ । बाँकी काम समयमा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा उपयोगिता सिर्जना हुने गरी अधिकताम प्रतिफल दिने कार्यक्रम कार्यान्वयन हुनुपर्दछ । यो वर्ष लोकप्रियता लागि यस प्रकारको समान वितरण गरेकाले देहायको खर्च नियन्त्रण हुनुपर्दछ । बुझेको सामान दोहोरो मूल्याङ्कन भइ भूक्तानी यकिन हुने अवस्था पाइएन -

| भौ.नं. र मिति | काम | खर्च | बुझ्ने | लाभग्राही |
|---|---|---|---|---|
| १७९।०७९।१२।१९ | पिस पाइप विभिन्नमा वितरण | १३३१२९८ | ५ वडा अध्यक्ष | ८४ |
| ३५८।०८०।३।५ | भूसंरक्षणका लागि तार जाली | ८८८२५० | भरपाइ छैन | - |
| | जम्मा | २२१९५४८ | | ८४ |

• कडा चट्टानको परिमाण २२२०.८ घनमिटर ढुङ्गा ठेकेदारले रु. ३०० प्रतिघमि घटाइ रु. ६६६०००।- माग गरेको छ । सो ढुङ्गा विक्रि वा पुन उपयोग हुनेगरी मौज्दात एकिन हुने नसकेको जिल्ला दररेट अनुसार रु. १७६०।- को दरले हुने रु. ३९०८६०८।- को मौज्दात यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३३ **पूँजिगत खर्च** - यो वर्ष रु. २५ करोड ३९ लाख ६६ हजार बजेट व्यवस्था गरी पूँजिगतमा रु. २१ करोड २३ लाख १८ हजार खर्च भएको छ । प्राप्त विवरण अनुसार देहायकमा खरिद प्रकृयाबाट खर्च गरेको देखियो- --

रु. हजारमा

| खरिद विधि | खर्च रकम | सम्झौता रकम | संख्या | लागत अनुमान | प्रतिशत |
|---|---|---|---|---|---|
| शिलबन्दी/खुला प्रतिस्पर्धा | ६३९५८ | ९४३४७ | २८ | २०२७१६ | ३०.१२ |
| दरभाउपत्र | ३५६८ | ३५६८ | २० | ३५७५ | १.६८ |
| उपभोक्ता समितिबाट | १२९७९२ | १४४२१३ | ४५० | १४४२१३ | ६१.१३ |
| पालिका स्वयं | १५००० | १५००० | ० | १५००० | ७.०६ |
| जम्मा | २१२३१८ | २५७१२८ | ४९८ | ३६५५०४ | १०० |

माथिको तालिका बमोजिम ४९८ संस्था र उपभोक्तासँग रु. ३६५५९४०००।- को लागत अनुमान तयार गरी रु.२५७१२८०००।- सम्झौता गरी यो वर्ष रु.२१२३१८०००।- भूक्तानी गरी बजेटको ८३.६० प्रतिशत खर्चको विवरण पेश भएको छ । कार्यालय स्वयंले गरेको विवरण पेश नभएकोले विष्लेषण गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३४ **खानेपानी आयोजना-**

३४.१ म्याल पोखरी वृहत खानेपानी- आयोजनाको रु. ४४६६९५४ मुअकर पिएस बाहेक लागत अनुमान तयार गरी रु. २९४९९८५। मुअकर पिएस बाहेक स्वीकार गरी मिति २०७८।१२।१० मा इन्जिनियरिङ्ग कन्सल्टेन्सी तथा आपूर्ति संस्थासँग सम्झौता गरी २०७९।१०।१० सम्म सम्पन्न गर्नेगरी देहाय बमोजिमको खर्च लेखेको छ ।

| रनिङ विल | मिति | रकम |
|---|---|---|
| प्रथम | २३।०७९।६।२ | १५५३३४० |
| दोस्रो | ५९।०७९।९।२८ | १००७९०५ |
| अन्तिम | ९१।०७९।१०।२९ | ७०२२७३ |
| जम्मा | | ३२६३५१८ |

• १ घर १ धारा- कार्यालयले १ घर १ धारा अर्न्तगत मिटर र पित्तलको धारा समेत नीजि घरमा प्रतिघर रु. ८५३८।- का दरले ३३ घरको लागि निशुल्कः दिनु उचित र व्यवहारिक नभएकोले असक्षम र सहयोगको जरुरीलाई व्यवहारिक बनाउने सवैलाई समानले न्याय नहुदा निजि धारा निजी लागनी गर्नुपर्नेमा कार्यालयले बानाइ भूक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,८१,७५४ |
|---|---|

३४.२ सेक ललिता खानेपानी उपभोक्ता समितिबाट २७ घरको धाराको लागि पित्तलको धारा र पानीमिटर को रु. २१८६।- प्रतिघर समेतको १४७४५।- प्रतिघरको लागत अनुमान तयार गरी २७ घरको लागि ३९८११६।- मूल्याङ्कन गरी रु. ३६७०२५।- उपभोक्ता निजी धारा सरकारले बनाउन उचित र न्यायिक सम्मत नदेखिएन । रु.

| अनियमित भएको | ३,६७,०२५ |
|---|---|

३५ **प्रशासकीय भवन-**

३५.१ प्रशासकीय भवन निर्माणको लागत अनुमान मुअकर पिएस बाहेक रु. ९६६८३५१२।- तयार गरी प्रतिष्पर्धा गराउदा घटी भएको श्री धुलिखेल न्यू लिजा जेभी को रु. ७३०६३२८६।- मुअकर बाहेकको कबोल स्वीकृत गरी मिति २०७८।२।२६ देखि १८ महिनाले हुने मिति २०७९।८।२५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा दोस्रो पटक म्याद थप २०७९।८।२६ देखि २०८१।३।२५ सम्म करिव १५ महिना म्याद थप भएको छ । निर्माण व्यवसायीलाई यो वर्षसम्म देहाय वमोजिम रु. ४७२३३४७७।- खर्च भएको विवरण पशे भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ३५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५.२ **बढी मूल्यवृद्धि -** सार्वजनिक खरिद नियमावली, २०७९ को दफा ११९ बमोजमि मूल्यवृद्धि दिनुपर्ने व्यवस्था छ । पालिकाको प्रशासकीय भवन निर्माणमा यो वर्ष देहाय बमोजिम पाउने भन्दा बढी मूल्यवृद्धि दिएको रकम रनिङ विलबाट कट्टा गरी समायोजन गर्नुपर्ने रु.

| रनिङ विल | मूल्यवृद्धि दिने रकम | मूल्यवृद्धि मानक | दिनुपर्ने | दिएको | बढी दिएको |
|---|---|---|---|---|---|
| नवौ | ०.१२७४ | ३६५८१४.९५ | ३६५८१४.९ | ३८२१३८.५२ | १६७२३.५७ |
| आठौ | ०.१२७४ | ३१४०१८.१९ | ३१४०१८.२ | ४५६४८३.१३ | १४२४६४.९४ |
| सातौ | ०.१२२९ | ३७७३५२ | ३७७३५२ | ५२९०८४.१७ | १५१७३२.१७ |
| छैठौ | ०.१५९७ | ६३५८६ | ६३५८५६ | ५५३६९४ | १००१६२ |
| | | | | जम्मा | ४११०८२.६८ |

| असुल गर्नुपर्ने | ४,६४,५२२ |
|---|---|

३६ **सडक सरसफाई र मर्मत-**

३६.१ सार्वजनिक खरिद (बाह्रौ शंसोधन) नियमावली, २०७९ को नियम १० मा निर्माण कार्यको दररेट समितिले निर्धारण गरेको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको कार्य गरी मूल्याङ्कन गर्दा देखिएका व्यहोरा निम्न छन्

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ३६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६.२ **बाटो सरसफाइमा -** पालिकाले ३ योजनामा यो वर्ष ५६६७०।- घनमिटर सवै प्रकारको माटो हटाएको भनि १ उसबाट ११६२५।- घमिको सडक विभागको २९.१९ बमोजिम उपभोक्ताको लागि ४४.८६ प्रतिघिम लागत अनुमान तयार गर्नुपर्नेमा रु. ५६.२८ गरेबाटबढि दर रु. ११.०४२ प्रतिघमिको दरले ११६२५ घमिको रु. १३२७५७।५० र ठेकेदारबाट ४५८४५ घमि प्रतिघमि रु. ५१.५ ले लागत अनुमान तयार गर्नुपर्नेमा रु. ६४.७२ प्रतघमि गरेकाले बढी रु. १३।२२ दरले ४५८४५।- घमिको बढीदरले लागत अनमान तयार गरी बढी रु. ६०६०७०।९० समेत रु. ७३८८२८।- बढी व्ययभार परेको रु.

| अनियमित भएको | ७,३८,८२८ |
|---|---|

३६.३ सबै प्रकारको माटो- बाझकटेरी आयोजनामा सबै प्रकारको माटो खन्ने काम १२८४४ घनमिटर प्रतिघमि ७८ को दरले रु. १००१८३२।- मूल्याङ्कन गरी भूक्तानी गरेको पाइयो र लागत दर विश्लेषण रु. ५३.८३ हुनेमा ७८.५० गरेकाले बढी लागत व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,१६,८६१ |

३७ **पन्ध्र शैष्याको अस्पताल -** यो अस्पतालको रु. १८६०३५९३७।- को लागत अनुमान तयार गरी प्रतिष्पर्धाबाट ३१।०३।२०२१ बा २ वर्ष ३०।०३।२०२३ मा सम्पन्न गर्ने गरी रु. १२४८२९०७७।- मूअकर समेतको व्यवसायी हिमडुङ एसी जेभीसँग सम्झौता गरेको छ । यो वर्षसम्म देहाय बमोजिम रनिङविलको खर्च लेखेको छ । कार्यसम्पन्न गर्ने समय थप चुनाव र क्रशसर समस्याले २०८१।७।२१ सम्म प्रथम पटक म्याद थप भएको छ ।

• प्रगति- सम्झौता बमोजिम पेश्कीबाट र विल भूक्तानी भएको कामको प्रगति अनुगमन गर्नुपर्दछ । मिति २०७८।२।२० मा प्राप्त पेश्की रु. २४६०००००।- मध्ये यो वर्ष सम्म रु. ५४६७३६१।- फछ्यौंट गरी रु. १९१३२६३९।- पेश्की बाँकी छ । बाँकी पेश्कीबाट भएको कामको कार्य प्रगति लिएको नदिखदा पेश्की ब्याज समेत असूल गर्नुपर्ने र कामको कार्य प्रगति हेर्दा ३९.१९ प्रतिशत प्रगति देखिन्छ । समयमा कार्य हुन नसक्दा मूल्य बढ्ने र पेश्कीबाट भएको काममा समेत थप दायित्व लिनपर्ने सेवा ढिलाइ हुने अवस्था छ सो अवस्था सुधार हुनुपर्दछ ।

• १५ शैय्याको अस्पताल निर्माण पछि वार्षिक स्वास्थ्य लागि जनशक्ति व्यवस्था सेवाको विवरण स्वास्थ्य उपकरण सञ्चालन व्यवस्था सहितको व्यवहारिक योजना अध्ययन विना रु. १२४८२९०७७।- पूर्वाधार संरचनामा लागनी गरेको प्रतिफल स्थापित एकिन हुने अवस्था देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **देउराली पर्यटन पूर्वाधार -** यो वर्ष प्रर्यटन पूर्वाधारको मुअकर बाहेक रु. ३५५४३१७।- लागत अनुमान गरी मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरी मिति २०७९।१।३१ गते निर्माण व्यवसायी श्रेष्ठ विलडसँग सम्झौता गरेको देखिन्छ । कार्यालयले मिति २०७९।५।५ सम्म १८ महिना म्यादथप गरेको पाइयो । यो वर्ष प्रथम रनिङ विलबाट रु. १४५४३३६।- खर्च गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **आर्थिक र विपद् सहायता -** पालिकाको आन्तरकि आयबाट प्रशासनीक खर्च गरी सोको सिमित प्रतिशत आर्थिक सहायता दिने सकिने छ । कार्यालयले क्यान्सर २०, पूर्णअसक्त २४, मुटु फोक्सो कलेजो १८, जेष्ठरोगी १४ र विपन्न बालक समेत जम्मा ८० जना व्यक्तिलाई रु. ३८७६०७।- आर्थिक समहायता र मनसुनजन्य विपतबाट घर ५९, जंगलीजन्तुबाट बाखागोठ क्षति २५ र पशुधन, जीवन र संरचना क्षति ५, को भनसुन जन्य विपद् व्यवस्थापन ८९ घट्नाको लागि रु. १०७६०८३।- समेत रु. १४ ६३६९०।- वितरण गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

४० **राजश्व संकलन -** पालिकाबाट यो वर्षको राजश्व संकलन देहाय बमोजिम रहेको पाइयो । राजश्व तर्फ पालिकाले वार्षिक असूल गर्नुपर्ने राजश्व लगत र असूली देखिने अभिलेख नभएको असूली गर्नुपर्ने लगत अद्यावधिक गरी राजश्व असूल गर्नुपर्दछ । यो वर्षको असूली देहाय बमोजिक छ । सिफारिस, पञ्जिकरण, नाता र मालपोतबाट वडागत विवरण यस प्रकार छ -

| वडा नं. | सिफारिस | पञ्जिकरण | नाता प्रमाणित | मालपोत | जम्मा |
|---|---|---|---|---|---|
| १. | ५७८०० | ४५००० | ० | ३०१२८ | १३२९२८ |
| २. | ४५७०० | २७६०० | ० | ३७८३५ | १११११३५ |
| ३. | २०२६५० | ५७७५० | ० | ५६६७० | ३१७०७० |
| ४. | १८३०० | २३४०० | १७५०० | २२७६० | ८१९६० |
| ५. | ४५३५० | ३१७०० | ४५०० | २१४६२ | १०३०१२ |
| ६. | २८१५५० | ४६४०० | ० | ३७२२६ | ३६५१७६ |
| ७. | १४०६५० | ३७८०० | ५९०० | ३८८०६ | २२७७८८ |
| जम्मा | ७९२००० | २६९६५० | २७९०० | २४४८८७ | १३३९०६९ |

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८० -

कार्यालय र स्थान - मदाने गाउँपालिका, गुल्मी , मदाने गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शालिकराम पन्थी | २०७९-४-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Kamal Prasad Bhusal | २०७८-८-५ | २०७९-४-२३ |
| लेखा प्रमुख | Tara Bhattarai | २०७८-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण -

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४६४५२२ | ९७५६८६८ | ० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,२७०,८६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४९,४७४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,२२१,३९० |

स्थानीय तह -

| **गत बर्षको जिम्मेवारी** | १०१२५१६९८ |
|---|---|
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ३९७०४२५०० | चालु खर्च | २९२२००९५५ |
| प्रदेश सरकारबाट अनुदान | ३३९५६३६४ | पूँजीगत खर्च | २१२३१७६८४ |
| राजश्व बाँडफाँट | ७३७७५१८८ | वित्तीय/अन्य व्यवस्था | १८११०८२५१ |
| आन्तरिक आय | ५०८८१३५.० | | |
| अन्य आय | १८०७१०६३५ | | |
| कुल आय | ६९०५७२८२२ | कुल खर्च | ६८५६२६८९० |
| बाँकी मौज्दात | | १०६१९७६३० | |

बेरूजु दफा २०.२ सँग सम्बन्धित विवरण - अनुसूची -३

| Social Assistance Type Name | Ward No. | Personal Id | Member Name | Gender | Birth Date BS | Citizn No. | Bank Account Number | DP Amount |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 1 | 2011010703713 | Chhami Khatri | FEMALE | 07-01-2011 | 663 | 0425405166381014 | 32000 |
| Senior citizen’s allowance-Others | 1 | 2010050507646 | Lila Bahadur Kami | MALE | 05-05-2010 | 663 | 0425405156581015 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 1999111100402 | Kumari Rokaha | FEMALE | 11-11-1999 | 8011 | 0425402006351012 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 1986091500347 | Nar Bahadur Bista | MALE | 15-09-1986 | 8011 | 0425402001721016 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2006010600281 | Sabitra Bista | FEMALE | 6-1-2006 | 8152 | 0425402001798019 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2001031703255 | Tak kumari bohora | FEMALE | 17-03-2001 | 8152 | 0425402002212018 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2008101802016 | Sere Bhandari | MALE | 18-10-2008 | 8182 | 0425405061349018 | 48000 |
| Senior Citizen's Single women’s | 1 | 2018031701097 | parbati bohora | FEMALE | 17-3-2018 | 8182 | 0425401900352016 | 31920 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 1 | 2004021508133 | Budharam Bohora | MALE | 15-2-2004 | 8487 | 0425402002627013 | 48000 |
| Senior citizen’s allowance-Dalit | 1 | 2012021504272 | maite sarki | MALE | 15-02-2012 | 8487 | 0425401682866010 | 31920 |
| Senior citizen’s allowance-Others | 1 | 2011011100382 | Phursi Kami | FEMALE | 11-01-2011 | 8497 | 0425401685613016 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2003010704205 | sante kami | MALE | 07-01-2003 | 8497 | 0425402001859018 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2000121700742 | Hira Bahadur Chand | MALE | 17-12-2000 | 8500 | 0425402002169015 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 1996051700381 | Shyame Damai | MALE | 17-05-1996 | 8500 | 0425402001779014 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2010051513403 | Bhyakuri bohora | FEMALE | 15-05-2010 | 8545 | 0425405179955011 | 32000 |
| Senior citizen’s allowance-Others | 1 | 2011041507018 | Tara Bahadur Bohora | MALE | 15-04-2011 | 8545 | 0425405166195016 | 32000 |
| Senior citizen’s allowance-Others | 1 | 2002020208777 | Sante Khatri | MALE | 2-2-2002 | 8637 | 0425402003176015 | 48000 |
| Senior citizen’s allowance-Others | 1 | 2004022003339 | ghan bahadur bist | MALE | 20-2-2004 | 8637 | 0425402001733014 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 1998011005224 | Radha Kumari Kunwar | FEMALE | 10-01-1998 | 11206 | 0425402001749018 | 48000 |
| Senior Citizen's Single women’s | 6 | 2013011003531 | Prit Kumari Khatri | FEMALE | 10-01-2013 | 11206 | 0425401679666019 | 31920 |
| Senior citizen’s allowance-Others | 6 | 2008101101765 | Runnati Sarki | FEMALE | 11-10-2008 | 11646 | 0425401694485012 | 48000 |
| Senior Citizen's Single women’s | 6 | 2014011002325 | Balkumari Kunwar | FEMALE | 10-01-2014 | 11646 | 0425401679581013 | 31920 |
| Senior citizen’s allowance-Others | 6 | 2006011003493 | Lela Kumari Kunwar | FEMALE | 10-1-2006 | 41107584102 | 0425401750183016 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 1996021701414 | Lila Kunwar | FEMALE | 17-02-1996 | 41107584102 | 0425402002502016 | 48000 |
| Senior Citizen's Single women’s | 6 | 2018021501671 | Kumari pun magar | FEMALE | 15-02-2028 | 413075342 | 0425401679636012 | 31920 |
| Widow | 6 | 2032042000483 | Sabitra Ghimira | FEMALE | 20-4-2032 | 413075342 | 0425401679796011 | 31920 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Senior citizen’s allowance-Others | 6 | 2009091504703 | Hari Prasad Ghimire | MALE | 15-09-2009 | 631 | 0425401731212013 | 32000 |
| Senior citizen’s allowance-Others | 6 | 2004011005527 | Hime Khatri | MALE | 10-1-2004 | 631 | 0425402002448011 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 2008120101739 | Jebaa Kami | MALE | 01-12-2008 | 955 | 0425401694489018 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 2001121003988 | Ram Bahadur Gharti | MALE | 10-12-2001 | 955 | 0425402001542014 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 2000021701766 | Jib Kumari Shrestha | FEMALE | 17-02-2000 | 9925 | 0425401543273013 | 48000 |
| Senior citizen’s allowance-Others | 6 | 2010101510094 | bBishnu Kumari Shrestha | FEMALE | 15-10-2010 | 9925 | 0425405161634011 | 32000 |
| Severely Disabled Grant | 2 | 2063050801055 | Radhika Khatri | FEMALE | 08-05-2063 | 169 | 0425402002500013 | 25536 |
| Severely Disabled Grant | 2 | 2059100500374 | Shivalal Bhusal | MALE | 15-12-2059 | 169 | 0425402002491014 | 25536 |
| Senior citizen’s allowance-Others | 2 | 2008081004123 | Aviman Gharti Magar | MALE | 10-08-2008 | 7091 | 0425405012836019 | 19612 |
| Senior citizen’s allowance-Others | 2 | 2007030504057 | Pusparaj Bhusal | MALE | 05-03-2007 | 7091 | 0425401553168013 | 48000 |
| Senior citizen’s allowance-Others | 2 | 2006032701281 | Khim Bahadur B.K. | MALE | 27-03-2006 | 7168 | 0425402002106013 | 48000 |
| Senior citizen’s allowance-Dalit | 2 | 2014061503479 | Durpati B.K. | FEMALE | 15-06-2014 | 7168 | 0425402002204015 | 31920 |
| Senior citizen’s allowance-Others | 2 | 2005031004689 | Bal Bahadur Oli Chhetri | MALE | 10-03-2005 | 7230 | 0425402002039014 | 48000 |
| Senior citizen’s allowance-Others | 2 | 2001070503194 | Sobhi Bhusal | FEMALE | 05-07-2001 | 7230 | 0425401487296013 | 48000 |
| Senior citizen’s allowance-Others | 2 | 2000021701741 | Harilal Bhusal | MALE | 17-2-2000 | 7590 | 0425402002032011 | 48000 |
| Senior citizen’s allowance-Dalit | 2 | 2014012700729 | Shibe Sunar Kami | MALE | 17-01-2014 | 7590 | 0425402002300014 | 31920 |
| Total | | | | | | | | 1734044 |

बेरूजु दफा ३५.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौ.नं. र मिति | रनिङ विल | विल रकम | मुअकर | मूल्य वृद्धि | फेश्की फछर्यौट | पिएस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १-०८०।३।२२ | नवौ | 3968124 | 515856 | 382138 | 949996 | 0 | 4749981 |
| ७६-०७९।१०।१७ | आठौ | 5674085 | 737631 | 456483 | 180000 | 0 | 5021134 |
| २८-०७९।७।१ | सातौ | 4971417 | 646284 | 529084 | 800000 | 0 | 4971714 |
| २१-०७९।२।१६ | छैठौ | 5214825 | 677927 | 593695 | 1000000 | 0 | 6254850 |
| | जम्मा | 19828451 | 4321963 | 1961400 | 4549996 | 0 | 20997649 |
| ३५८-०७९।३।२५ | पाचौ | 2179086 | 281981 | 1869965 | 0 | 0 | 2169086 |
| १९३-०७९।२।१६ | चौथो | 2379117 | 309285 | 0 | 0 | 0 | 2369117 |
| १४१-०७८।१२।२० | तेस्रो | 7993374 | 0 | 0 | 0 | 0 | 7999374 |
| | दोस्रो | 3674975 | 0 | 0 | 0 | 833370 | 3694975 |
| | पहिलो | 8843553 | 1149662 | 0 | 0 | 0 | 9993216 |
| | जम्मा | 25070105 | 1740238 | 1869965 | 0 | 833370 | 27235758 |
| | कूल जम्मा | 44898556 | 6062174 | 38313665 | 4549996 | 833370 | 47233477 |

**बेरूजु दफा ३६.१ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौ.नं. | मिति | योजना | व्यवसायी | पहिरो | सबै माटो | ग्यायविन | गारो |
|---|---|---|---|---|---|---|---|
| ५७ | ०७९।९।१८ | म्याल पोखरी मो.बा. | उस | 11625 | 0 | 0 | 0 |
| २१२ | ०७९।१२।१ | पुर्कोटदह मो.बा. | प्रतिक्षा तथा | 16575 | 0 | 0 | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०४ | ०७९।११।१५ | बाझकटेरी विपि मो.बा. | | 0 | 0 | 246.5 | 0 |
| ८२ | ०७९।१०।२४ | पञ्चमी पोखरी | सुजता नि. | 0 | 0 | 215 | 0 |
| १०,२६ | ०७९।१२।७ | कंकेदेउराली | रिमार्केवल | 0 | 0 | 0 | 26.62 |
| - | ०८०।३।२३ | अग्लुङ मा वि | लम्की नि. | 0 | 0 | 0 | 0 |
| १०४,१४६,१४७ | ०८०।३।१९ | बाझकटेरी कफि | एरिक डेभलबमेन्ट | 29270 | 12844 | 580 | 0 |
| | | | जम्मा | 57470 | 12844 | 1041.5 | 26.62 |

**बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| रनिङ विल | मिति | पेफ | रकम विल | मू.अ.कर | पिएस | मूल्यवृद्धि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चौथो | ४।०८०।३।२३ | 1158406 | 5792022 | 752962 | 231692 | 0 | 6776677 |
| तेस्रो | | 4308955 | 21544766 | 2800819 | 0 | 0 | 24345597 |
| दोस्रो | | 0 | 16048476 | 2086301 | 0 | 2139811 | 18781830 |
| पहिलो | | 0 | 17698371 | 2300788 | 0 | 0 | 19999160 |
| | जम्मा | 5467361 | 61083635 | 7940870 | 231692 | 2E+06 | 69903264 |